नेपाली राजदूतावास
EMBASSY OF NEPAL
LONDON,U.K.

## विद्युतीय राहदानी (e-passport) का लागि प्रि-इनरोलमेन्ट सम्बन्धी प्रक्रिया र अन्य महत्वपूर्ण जानकारीहरु

### क. विद्यतीय राहदानी आवेदनका लागि अग्रिम दर्ता (Pre-enrollment) गर्ने प्रक्रिया:-

- राहदानी विभागको वेवसाइटमा उपलव्ध https://emrtds.nepalpassport.gov.np/ लिंकमा प्रवेश गरी देहायमध्ये कुनै एक आवेदनको प्रकार छान्ने ।
  - पहिलो पटक राहदानी बनाउने (नेपाली बाबु आमाका बेलायतमा जन्मेका सन्तानको हकमा) वा हस्तलिखित राहदानीवाहकहरुले नयाँ (new),
  - पुरानो MRP हुनेहरुले राहदानी नविकरण (Renewal),
  - हालको राहदानी हराएको हकमा हराएको/चोरिएको (Lost/stolen),
  - हालको राहदानी केही कारणले बिग्रेको हकमा बिग्रेको (Damaged).
  - त्यसपश्चात Ordinary 34 pages option मा click गर्ने । अथवा ६६ पेजको राहदानी लिन चाहनेले Ordinary 66 pages option मा click गर्ने ।
- त्यसपश्चात उपलव्ध हुने राहदानीको फाराममा भएका विभिन्न चार उपशिर्षकमा रहेका विवरणहरु भर्ने । राजदूतावासहरुबाट निवेदन गर्ने सेवाग्राहीहरुले फारममा राष्ट्रिय परिचयपत्र नम्बर उल्लेख गर्नु अनिवार्य छैन ।
- अनि नागरिकता प्रमाणपत्रको दुवै पेज, हालको राहदानीको फ्रन्ट (फोटो तथा व्यक्तिगत विवरण भएको पेज) र व्याक पेज (पेज नं. ३० र ३१) तथा अन्य सान्दर्भिक कागजात (तल खण्ड ख मा उल्लेख भएअनुसारका कागजात) छुट्टाछुट्टै स्क्यान गरी अपलोड गर्ने ।
- अनि Book Your Appointment मा प्रवेश गरेर Other option क्लिक गरी , NE London option छानेर आफुलाई उपयुक्त हुने वा उपलव्धमध्ये अघिल्लो मिति र समय बुकिङ गर्ने ।
- तत्पश्चात फाराम Submit गर्ने र त्यसपछि प्राप्त हुने वारकोडसहितको फाराम डाउनलोड गरी प्रिन्ट गर्ने ।
- Live Enrollment का लागि राजदूतावासमा आउँदा राहदानी फाराम, सक्कल राहदानी, नागरिकता प्रमाणपत्र वा त्यसको प्रतिलिपि साथमा लिएर आउनु पर्नेछ । हस्तलिखित राहदानीवाहकहरुले अनिवार्य रुपमा सक्कल नेपाली नागरिकता प्रमाणपत्र लिएर आउनु पर्नेछ ।

### ख. प्रि-इनरोलमेन्ट गर्दा अपलोड गर्नुपर्ने कागजातहरु:

नविकरण गर्नका लागि

- नेपाली नागरिकता प्रमाणपत्रको पहिलो र दोस्रो पेज छुट्टाछुट्टै । यदि नागरिकता/नावालक परिचयपत्र हराएको र फोटोकपि समेत नभएको अवस्थामा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट अभिलेख माग गरी सो पत्र अपलोड गर्ने ।

- १६ बर्षमुनिका वालवालिकाको हकमा नावालक परिचयपत्र ।
- हालको राहदानीको फ्रन्ट पेज (फोटो तथा व्यक्तिगत विवरण भएको पेज) र व्याक पेज (पेज नं. ३० र ३१)

१६ बर्ष भन्दा कम उमेरका बालबालिकाको लागि

- बुबा आमाको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

- बुबा आमाको राहदानीको प्रतिलिपि ।

- बुबा आमाको विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

- बेलायत/आयरल्याण्ड र माल्टामा जन्मेको बालबालिकाको हकमा पहिलो पटक ई-पासपोर्टका लागि आवेदन गर्दा यहाँबाट जारी जन्मदर्ता प्रमाणपत्र मान्य हुनेछ तर यस प्रक्रियाबाट एकपटक राहदानी लिईसकेकाहरुको हकमा राहदानी नविकरणका लागि आवेदन गर्दा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी गरेको नाबालक परियचपत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

- नेपालमा जन्मेको बालबालिकाको हकमा नाबालक परिचयपत्र पेश गर्नु पर्नेछ ।

- १६ बर्ष पुरा भई नेपाली नागरिकता प्रमाणपत्र बनाउन काम विशेषले नेपाल जान नसक्ने आवेदकहरुका लागि एक पटकका लागि २ बर्ष अवधि राखी राहदानी नविकरण गरिनेछ । तर एक पटक यसरी राहदानी जारी गरिसके पछि पुन: अर्को पटक नेपाली नागरिकता प्रमाणपत्र विना राहदानी जारी गरिने छैन ।

**ग. अन्य जानकारीहरु:**

- ई-पासपोर्टका लागि Live-enrollment गर्न आवेदक स्वयं अनिवार्य रुपमा राजदूतावासमा आउनुपर्नेछ ।
- ५ बर्षभन्दा बढी उमेरका आवेदकहरुले ई-पासपोर्टका लागि फोटो ल्याउनुपर्ने छैन ।
- ५ बर्ष भन्दा कम उमेरका वालवालिकाहरुको हकमा फोटो स्टुडियोमा खिचिएको, सेतो पृष्ठभूमि (White background) भएको 35mm×45mm साइजको १ थान रंगिन फोटो खिचेर ल्याउनुपर्नेछ ।
- ई-पासपोर्टका लागि Pre-enrollment आवेदक स्वयंले गर्नुपर्नेछ ।
- राहदानी तयार भएर राजदूतावासमा प्राप्त भएपछि आवेदक स्वयं राहदानी लिन राजदूतावास आउन नसक्ने भएमा पूर्ण ठेगाना सहितको Pre-paid envelope आवेदन गर्दाकै वखत लिएर आउनु पर्नेछ ।
- सामान्यतया: मेशिन रिडेबल राहदानी (MRP) को वहाल अवधि बाँकी रहेसम्म सोही राहदानी प्रयोग गर्न मिल्ने हुँदा ई-पासपोर्टको आवेदन गर्नु पर्दैन ।
- राहदानीको वहाल अवधि १ बर्षभन्दा कम अवधि भएमा मात्र राहदानी नविकरण गर्न पाइनेछ ।

नेपाली राजदूतावास
EMBASSY OF NEPAL
LONDON,U.K.

- ई-पासपोर्टको आवेदनका लागि Pre-enrollment फाराम भरिसकेपछि राजदूतावासमा Live-enrollment का लागि आँउदा तोकिएको मिति र समयमा मात्र आउनु पर्नेछ ।
- नागरिकताको अपलोड गरिएका प्रतिहरू कतिपय नबुझिन सक्ने भएकोले सक्कल साथमा भए सक्कल र नभएमा कलर फोटोकपि वा बुझिने फोटोकपि लिएर आउनु पर्नेछ ।
- ई-पासपोर्टको आवेदन शुल्क मेशिन रिडेबल राहदानी सरह यथावत रहेको छ ।

ई-पासपोर्टका बारेमा थप जानकारी आवश्यक परेमा राहदानी बिभागको वेबसाईट https://nepalpassport.gov.np र यस राजदूतावासको वेवसाईट र फेसबुक पेजमा राखिने सूचनाहरु हेर्दै गर्नुहोला ।

२०७८ फागुन २० गते
नेपाली राजदूतावास,
लण्डन